आज मिति २०८३ साल वैशाख ३१ गते बिहिबारको दिन दिउसो १ बजे यस बरहथवा नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री कल्पना कुमारी कटुवाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णयहरु भयो।

<u>तपसिलः-</u>

| | | |
|---|---|---|
| १) | श्री कल्पना कुमारी कटुवाल | नगर प्रमुख |
| २) | श्री रामबाबु प्रसाद साह | नगर उप-प्रमुख |
| ३) | श्री राकेश सहनी | वडा अध्यक्ष वडा नं. १ |
| ४) | श्री ~~चेत बहादुर राउत~~ रामकुमार थापा | का० वडा अध्यक्ष वडा नं. २ |
| ५) | श्री नन्दकिशोर महतो | वडा अध्यक्ष वडा नं. ३ |
| ६) | श्री कृष्ण कुमार साह | वडा अध्यक्ष वडा नं. ४ |
| ७) | श्री शिव कुमार सिंह कोइरी | वडा अध्यक्ष वडा नं. ५ |
| ८) | श्री मो.आफताव आलम | वडा अध्यक्ष वडा नं. ६ |
| ९) | श्री राम प्रकाश दास | वडा अध्यक्ष वडा नं. ७ |
| १०) | श्री राजकिशोर महतो | वडा अध्यक्ष वडा नं. ८ |
| ११) | श्री तुलसी प्रसाद लुइटेल | वडा अध्यक्ष वडा नं. ९ |
| १२) | श्री सर्मिला कुमारी राम | वडा अध्यक्ष वडा नं. १० |
| १३) | श्री नवराज राई | वडा अध्यक्ष वडा नं. ११ |
| १४) | श्री रामजी यादव | वडा अध्यक्ष वडा नं. १२ |

CamScanner

| | |
|---|---|
| १५) भगलु चौधरी ~~श्री राजगिर दर्जि~~ | का. वडा अध्यक्ष वडा नं. १३ |
| १६) श्री दिपेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं. १४ |
| १७) श्री रामबहादुर चौधरी | वडा अध्यक्ष वडा नं. १५ |
| १८) श्री लक्ष्मी नारायण महतो | वडा अध्यक्ष वडा नं. १६ |
| १९) श्री रामविश्वास राय | वडा अध्यक्ष वडा नं. १७ |
| २०) श्री अरविन्द राय | वडा अध्यक्ष वडा नं. १८ |
| २१) श्री अनिता कुमारी | कार्यपालिका सदस्य |
| २२) श्री रामकुमारी खत्वे | कार्यपालिका सदस्य |
| २३) श्री लक्ष्मिनिया देवी | कार्यपालिका सदस्य |
| २४) श्री लिला कुमारी कुश्वार | कार्यपालिका सदस्य |
| २५) श्री सरिता कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| २६) श्री राकेश कुमार वैठा | कार्यपालिका सदस्य |
| २७) श्री विन्देश्वर धनकार | कार्यपालिका सदस्य |
| २८) श्री संजय कुमार साह | कार्यपालिका सदस्य |
| २९) श्री ऋद्धि प्रकाश सिटौला | सदस्य सचिव |

| | |
|---|---|
| प्रस्ताव नं.०१ :- | बरहथवा नगरपालिकाको वडा नं. ०६ मा रहेको B ब्लकको ८ कोठे भवनको सम्बन्धमा । |
| निर्णय नं.०१ :- | प्रस्ताव नं. ०१ माथि छलफल गर्दा बरहथवा नगरपालिका वडा नं. ०६ गुदरी बजारमा रहेको B ब्लकको ८ कोठे व्यवसायिक सटरको सम्बन्धमा मिति २०७३/०१/१७ गते सटरभाडाका लागि सूचना प्रकाशित भई मिति २०७३/०२/१२ गतेको दिन सटरभाडा सम्बन्धी बोलपत्र/दरभाउपत्र मूल्यांकन गरी मूल्यांकन समितिबाट निर्णय भए पनि सूचना प्रकाशन हुँदा सो सटरहरु निर्मित भनि सूचना प्रकाश भए तापनि सटर उपभोग गर्नेहरु व्यापारिकहरु तथा जनप्रतिनिधिहरु सँग विभिन्न औपचारिक तथा औनोपचारिक रुपमा छलफल हुँदा उक्त सटरहरु निर्माण भई नभसकेको/ निर्माणाधिन अवस्थामा रहेकोले सोही कारणले निज व्यक्तिहरुसँग सटर सम्बन्धि सम्झौता नभएको र भाडा रकम समेत दाखिला नभएको भनिएकोले उक्त सटरहरुको निर्माण सम्पन्न भई व्यवसायिहरुले सटर कुन मितिबाट प्रयोग गरेको हो भनि यथार्थता मिति यकिन गर्न कार्यालयमा रहेका सम्पूर्ण अभिलेखहरु मिति २०८२/०५/२३ र २४ गते जेनी जी आन्दोलनको क्रममा आगजनी भई नष्ट भएको हुँदा सटर कुन मितिबाट प्रयोग गरेको हो भनि यकिन गर्न नसकिने भएकोले यथार्थता मिति यकिन गर्न यस नगरपालिकाको नगर प्रमुख, नगर उप-प्रमुख, बरहथवा बजार क्षेत्रका वडा अध्यक्षहरु, उद्योग वाणिज्य संघ लगायत सम्पूर्ण सटरवालाहरु र भद्रभलादमीहरुको उपस्थितमा निज सटरवालाहरु कहिले देखि सटरहरु उपभोग गरिरहेको हो भनि बस्तुगत/स्थलगत मूचूल्का गरी यकिन भएको मितिबाट नै लागू हुने गरी मिति २०७३/०२/१२ गतेको मूल्यांकन समिति निर्णयानुसार नै सटर भाडा सकारकर्ताहरु सँग मासिक भाडा रकम मूल्यांकन समितिको निर्णय बमोजिम अथवा महालेखा परीक्षकको लेखा परीक्षण प्रतिवदेनमा उक्त सटर उपभोगकर्ताहरुको नाममा देखिएका मासिक भाडा रकम, उल्लेखित बेरुजु रकम सकारकर्ताहरुसँग १० प्रतिशत जरिवना सहित मिति २०८३ असार १५ गते सम्म असूल उपर गर्ने भनि पत्राचार गर्न सर्व सहमतिले निर्णय गरियो । |
| प्रस्ताव नं.०२ :- | बरहथवा नगरपालिकाको वडा नं. ०५ मा रहेको C ब्लकको २५ कोठे भवनको सम्बन्धमा । |

निर्णय नं.०२ :- प्रस्ताव नं. ०२ माथि छलफल गर्दा बरहथवा नगरपालिका वडा नं. ०५ स्थित चामल, रेडिमेट तथा कान्छि बजारमा निर्माण भएको २५ कोठे व्यवसायिक तथा व्यापारिक सटरहरुको भाडामा लगाउनका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त भवन चामल, रेडिमेट तथा कान्छी बजारमा निर्माण भएकोले उक्त भवनलाई सोही प्रयोजनमा प्रयोग गर्ने गरी कपडाको तयारी पोसाक खरिद बिक्रि गर्ने व्यवसायीलाई मात्र सटरमा प्रतिस्पर्धा हुने गरी तपसिलको शर्त समेत उल्लेख गरी २१ दिने सूचना प्रकाश गर्ने भनि सर्व सहमतिले निर्णय गरियो ।

शर्तहरुः-

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | न्युनतम भाडा रकम बाहिर (फेस) भएको (सटर नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६) | रु.६,१००/- |
| २ | न्युनतम भाडा रकम भित्र (फेस) भएको सटर नं. (१७, १८, १९, २०, २१, २२, २३, २४, २५) | रु.४,१००/- |
| ३ | न्युनतम भाडा रकम बाहिर फेस भएको सँगको धरौटी (सम्झौता सटर नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६ हुँदा) | रु.१,५१,०००/- |
| ४ | न्युनतम भाडा रकम भित्र फेस भएको सँगको धरौटी (सम्झौता (१७, १८, १९, २०, २१, २२, २३, २४, २५ हुँदा) | रु.१,००,०००/- |
| ५ | ठेक्का अवधि सम्झौता मिति देखि ३ वर्षको लागि त्यस पछि नगरकार्यपालिकाको निर्णयानुसार हुनेछ । | |
| ६ | समयमा सटर भाडा दाखिला नगरेमा पहिलो महिना ५ प्रतिशत, दोस्रो महिना १० प्रतिशत र तेस्रो महिना १५ प्रतिशत जरिवाना लाग्ने त्यस पश्चात दाखिला नभएमा सम्झौता रद्ध गरी धरौटी समेत जफत गरी सटर खालि गराइनेछ। | |
| ७ | सटर भाडा सकारकर्ताले उक्त सटरको सम्झौता गरी सके पश्चात जुन व्यवसाय संचालन गर्ने नगरपालिकावाट अनुमति लिएको छ सोही व्यक्ति र व्यवसाय संचालन गर्नुपर्नेछ । सम्झौता भएकै व्यापार/व्यवसाय सञ्चालन भएको नपाइएमा सकारकर्ताको धरौटी जफत गरी सटर खालि गराइनेछ । | |

प्रस्ताव नं. ३ :- सार्वजनिक , सरकारी तथा वहाल विटौरी जग्गा सम्बन्धमा।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस वरहथवा नगरपालिका अन्तरगत रहेको सार्वजनिक, सरकारी तथा वहाल विटौरी जग्गाहरुको विवरण वडा कार्यालयहरु मार्फत संकलन गर्ने र उक्त सार्वजनिक , सरकारी तथा वहाल विटौरी जग्गाहरु संरक्षणको लागि आवश्यक कानुनी प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारणा कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारणा कार्यविधि , २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ :- लैङ्गिक समानता , अपाङ्गता तथा सामाजिक समावेशीकरण निति , २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा लैङ्गिक समानता , अपाङ्गता तथा सामाजिक समावेशीकरण निति , २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ :- लैङ्गिक हिंसा निवारणका लागि पाँच बर्षे एकिकृत कार्ययोजना २०८२ , स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकिकृत कार्ययोजना २०८२ , स्वीकृत गर्ने भनि निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- वाल बिवाह तथा दाईजो प्रथा अन्त्यका लागि रणनितिक योजना ( २०८२-२०८७) , स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा वाल बिवाह तथा दाईजो प्रथा अन्त्यका लागि रणनितिक योजना ( २०८२-२०८७) ,स्वीकृत गर्ने भनि निर्णय गरियो ।

CamScanner